# सिद्ध कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.स. २०८१।८२
च.न.

मिति २०८१/०७/०२ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :

१. भुकम्प प्रभावित विद्यालय, स्वास्थ्य संस्था पुननिर्माण सम्वन्धमा ।
२. पाँचौ अध्यक्ष कप २०८१ सञ्चालन सम्वन्धमा ।
३. आर्थिक सहायता सम्वन्धमा।
४. घ वर्गको इजाजतपत्र सम्वन्धमा।
५. विविध ।

## प्रस्ताव नं १ भुकम्प प्रभावित विद्यालय, स्वास्थ्य संस्था पुननिर्माण सम्वन्धमा ।

**निर्णय नं १:**

संवत २०८० साल कार्तिक १७ गते जाजरकोटको रामीडाँडामा केन्द्रविन्दु भई गएको भूकम्पबाट क्षतिग्रस्त भएका सामुदायिक विद्यालय तथा सरकारी स्वास्थ्य संस्थाहरुको पुननिर्माणको लागि "भूकम्पबाट क्षतिग्रस्त भवन पुननिर्माण कार्यक्रम सञ्चालन कार्यविधि २०८१" बमोजिम प्रकाशित सूचना अनुसार सिद्ध कुमाख गाउँपालिका अन्तर्गत तपशिलका विद्यालयहरुको पुननिर्माण सम्वन्धि प्रस्ताव छनौट गरी पूर्वाधार विकास कार्यालय सल्यान समक्ष पेश गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.स. | संस्थाको नाम | ठेगाना | प्रारम्भिक लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | जनसेवा आधारभूत विद्यालय | सिद्ध कुमाख ४ सागिने सल्यान | ४० लाख | |
| २ | महेन्द्र आदर्श माध्यमिक विद्यालय | सिद्ध कुमाख १ बाँझकाडा सल्यान | ३० लाख | |
| ३ | शान्ति आधारभूत विद्यालय | सिद्ध कुमाख १ उपल्लो बाँझकाडा सल्यान | ८ लाख | |
| ४ | जनता कालिका आधारभूत विद्यालय | सिद्ध कुमाख ४ चिनाली सल्यान | १५ लाख | |
| ५ | हिमालय आधारभूत विद्यालय | सिद्ध कुमाख ५ माझखर्क सल्यान | १० लाख | |
| ६ | पशुपति आधारभूत विद्यालय | सिद्ध कुमाख १ कुकुरेखोर सल्यान | १० लाख | |
| ७ | बाल विकास आधारभूत विद्यालय | सिद्ध कुमाख ५ राम्री सल्यान | ८ लाख | |

## प्रस्ताव नं २ पाँचौ अध्यक्ष कप २०८१ संचालन सम्वन्धमा ।

**निर्णय नं २:**

सिद्ध कुमाख गाउँपालिकाको पाँचौ अध्यक्ष कप खेलकुद प्रतियोगिता मिति २०८१ कार्त्तिक ११ गतेदेखि १३ गतेसम्म श्री निराजन माध्यमिक विद्यालयको प्राङ्गण सिद्ध कुमाख-३ ढोरचौरमा संचालन गर्ने निर्णय गरियो ।उक्त कार्यक्रमका लागि बार्षिक स्वीकृत बजेट सिमाको परिधि भित्र रहि शिक्षा युवा तथा खेलकुद शाखाले तयार पारेको खर्च प्रस्तावको आधारमा संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ आर्थिक सहायता सम्वन्धमा।**

**निर्णय नं ३:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | आईतुराम रकाल | सिद्ध कुमाख ५ सल्यान | बर्षातको कारण घर भत्किएको | १० हजार मात्र |

**प्रस्ताव नं ४ घ वर्गको इजाजतपत्र सम्वन्धमा।**

**निर्णय नं ४:**

सिद्ध कुमामख गाउँपालिका वडा नं ३ निवासी श्री रामचन्द्र कवर र श्री लोक बहादुर वि.क.ले निर्माण सेवा संचालनका लागी इजाजत पाउँ भनि कागजात पेश गरेकामा कार्यालयबाट खटिएको प्राबिधक टोलीको सिफरिसको आधारमा सेवा संचालन सम्बन्धी मापदण्ड पुरा भएको भन्ने प्रतिबेदन प्राप्त भएकोले गाउँपालिकाको घ वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधी २०७४ को दफा २(२) अनुसार देहायको कम्पनीलाई घ वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

| सि. न. | निर्माण कम्पनीको नाम | ठेगाना | उद्देश्य |
|---|---|---|---|
| १. | जलुके निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. | सिद्ध कुमाख-३ सल्यान | विभिन्न प्रकारका ठेक्कापट्टा कारोवार |
| २. | कुशुम विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | सिद्ध कुमाख-३ सल्यान | विभिन्न प्रकारका ठेक्कापट्टा कारोवार |

**प्रस्ताव नं ५ विविध सम्वन्धमा।**

**निर्णय नं ५:**

वडादशै २०८१ को अवसरमा सिद्ध कुमाख ३ ढोरचौरमा रहेको ढोरचौर प्रहरीचौकीमा मौलो पुजा गर्दा लागेको खर्च रु १५ हजार विल भरपाइको आधारमा *सुरक्षा निकायलाई इन्धन मर्मत तथा अन्य सहायता* शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।